# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (नवौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मितिः २०७८।०२।३१ गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ३:२५ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, सर्व प्रथम म प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउछु

मिति :-२०७८-२-३०

विषय :- जानकारी सम्बन्धमा ।

श्रीमान् सचिवज्यू,
प्रदेश सभा सचिवालय
गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७८ जेठ २९ को प्रेस विज्ञप्ति संलग्न राखी जानकारीका लागि पठाएको व्यहोरा अनुरोध गर्दछु ।

हारिप्रसाद बास्तोला
सचिव ।

माननीय प्रदेश प्रमुख श्री सिता कुमारी पौडेलद्वारा मिति २०७८—२—२९ मा नेपालको संविधान धारा १६८ को उपधारा ५ बमोजिम प्रदेश सभा सदस्य श्री कृष्ण चन्द्र नेपाली पोखरेललाई गण्डकी प्रदेशको मुख्य मन्त्रीमा नियुक्ति गर्नुभएको र नेपालको संविधाको धारा १६८ को उपधारा ९ बमोजिम माननीय मुख्यमन्त्रीज्यूको सिफारिसमा मिति २०७८-२-२९ मा देहाय बमोजिम नियुक्ति र कार्यविभाजन गरी मन्त्रीपरिषद् गठन गर्नुभएकोले सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१) माननीय कृष्णचन्द्र नेपाली पोखरेल मुख्य मन्त्री, मुख्य मन्त्री तथा मन्त्री परिषद्, अर्थ, ऊर्जा, जलस्रोत तथा खानेपानी, कानुन, सञ्चार तथा प्रदेश सभा मामिला, पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीवि निवारण, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था, युवा तथा खेलकुद, वन, वातावरण तथा भू-संरक्षण, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा, सामाजिक विकास र स्वास्थ्य तथा जनसंख्या ।
२) माननीय कुमार खड्का मन्त्री विना विभागीय, माननीय राजीव गुरुङ मन्त्री विना विभागीय, माननीय माया अधिकारी गुरुङ मन्त्री विना विभागीय, माननीय हरिशरण आचार्य मन्त्री विना विभागीय ।

चण्डी प्रसाद अर्याल
प्रवक्ता ।

माननीय सदस्यहरु, गण्डकी प्रदेशका नवनियुक्त माननीय मुख्यमन्त्री श्री कृष्ण चन्द्र नेपाली पोखरेल तथा मन्त्रीपरिषद्का माननीय मन्त्रीहरुलाई हार्दिक वधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । साथै गण्डकी प्रदेशका प्रथम तथा निवर्तमान माननीय मुख्यमन्त्रधी श्री पृथ्वीसुव्वा गुरुङ एवं निवर्तमान माननीय मन्त्रीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अब म माननीय श्री कृष्णचन्द्र नेपाली पोखरेललाई आ.व. २०७८-०७९ को नीति तथा कार्यक्रम माननीय प्रदेश प्रमुख समक्ष उपलव्ध गराइदिनु हुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय प्रदेश प्रमुख श्री सिता कुमारी पौडेललाई नेपालको संविधानको धारा १८४ को उपधारा २ तथा गण्डकी प्रदेश सभा नियमावली २०७४ को नियम ३५ बमोजिम प्रदेश सरकारको आ.व. २०७८-०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गरी प्रदेश सभालाई संवोधन गर्न आग्रह गर्दछु ।

**माननीय प्रदेश प्रमुख सिता कुमारी पौडेल**

माननीय सभामुख महोदय, माननीय सदस्यहरु, कोभिड-१९ ले ग्रसित बनाएको स्वास्थ्य अवस्था अस्तव्यस्त बन्न पुगेको उत्पादन, वितरण र सेवा तथा अलमलिएका शिक्षा लगायतका सामाजिक सेवाहरुमा देखिएका चुनौतीहरु सामना गर्न जुटिरहेको अवस्थामा गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७८-०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलन संघर्षमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । घाईते र वेपत्ता योद्धा र पीडितहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएका राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु । कोभिड-१९ महामारी व्यवस्थापनमा अग्रपंक्तिमा रही काम गर्ने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, राष्ट्रसेवक तथा स्वयंसेवकहरुमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु । कोभिड महामारीको कारण मृत्युवरण गर्नुभएका सम्पूर्ण नेपालीहरुमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै कोभिड-१९ को महामारीमा परिवार सदस्य गुमाएका परिवारहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दछु र संक्रमणबाट गुज्रिएका सबैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको संविधानले आत्मसात् गरेका सक्ति पृथकीकरणको सिद्धान्त, मौलिक अधिकार, वालिक मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, कानुनी राज्य, मानव अधिकार, समावेशी र समानुपातिक प्रतिनिधित्व जनताको प्रतिस्प्रधात्मक वहुदलिय शासन व्यवस्था प्रणालीमा आधारित लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध

रहँदै लोकतान्त्रिक गणतन्त्रको रक्षा एवं सुदृढीकरणमा प्रदेश सरकार प्रतिवद्ध छ । सामाजिक तथा सांस्कृतिक विविधताको बिच एकतावद्ध गण्डकी प्रदेशको विकास र समृद्धिको लागि सबै प्रकारका विभेद, वञ्चितीकरण र असहिष्णुताको अन्त्य गरी समन्वायिक, समतामूलक र समृद्ध समाज निर्माण गर्न गण्डकी प्रदेश सरकार प्रतिवद्ध छ । नेपालको संविधानले निदृष्ट गरेको प्रदेशको एकल र साझा अधिकारको प्रयोग गरी विभिन्न स्थान विशेशमा बसोवास गर्ने सबै तह र अवस्थाका जनताहरुले प्रदेश सरकारबाट आशा गरेका न्यूनतम प्रतिफलको प्रत्याभूति गराइने छ । उपलोव्ध स्रोत र साधनको उच्चतम प्रयोग गर्नु वर्तमान कोभिड-१९ महामारीको अवस्थामा अझै महत्वपूर्ण हुन आउँदछ ।

यसै पृष्ठभूमिमा समृद्ध प्रदेश र सुखी नागरिकको लक्ष्य हासिल गर्न तथा गरिएका अल्पकालीन, मध्यकालीन तथा दीघकालीन लक्ष्य १५ औं राष्ट्रिय योजना, प्रथम पञ्चवर्षिय योजना, दीगो विकास लक्ष्य, अन्तर्राट्रिय प्रतिवद्धता, प्रदेशका नागरिकको विकासको चाहना, जनप्रतिनिधि मार्फत मुखरित जनभावना र विज्ञ तथा  सरकारवालाहरुले दिएका सुझावलाई समेत आत्मसात् गरी उपलव्ध स्रोत, साधनको अधिकतम र दक्षतापूर्वक उपयोग गर्दै गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७८-०७९ का लागि तय गरेका प्रमुख नीति तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

**कोभिड-१९ को महामारीबाट सृजित समस्याहरुको संवोधन:**

कोभिड-१९ को विरुद्ध खोपको व्यवस्थापन गर्नुका साथै महामारीबाट बच्न सावधानीका लागि सचेतना, संक्रमण परीक्षण, संघ र स्थानीय तहबाट गरिने कार्यक्रममा सवलीकरण समन्वय र सहयोग गरिने छ ।

कोभिड-१९ संक्रमितको बच्चाहरुलाई प्रभावकारी बनाउन अत्यावश्यक स्वास्थ्य उपकरण, सामग्री तथा औषधीको व्यवस्था गरिने छ । कोभिड—१९ को संक्रमणका कारण बाबु-आमा गुमाएका बालबालिकाहरुलाई नगद राहतको व्यवस्था गरिनेछ । साथै कोभिड-१९ को संक्रमणका कारण जीवन गुमाएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका आम नागरिका परिवारलाई नगद राहत उपलव्ध गराइने छ ।

कोभिड-१९ ले पर्यटन, यातयात, कृषि उत्पादन तथा सेवा क्षेत्रमा परेको प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरुलाई निव्र्याजी ऋण उपलव्ध गराउन संचालित व्यवसाय, जीवन रक्षा, कर्जा र कार्यक्रमलाई निरन्तरता दिनेछ ।

कोभिड-१९ को महामारीको नियन्त्रणका लागि अग्रपंक्तिमा रही उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई कोरोनाको अग्रपंक्तिमा रही सेवा गर्ने सेवाकर्मीहरुलाई सेवा पुरस्कारको व्यवस्था गरिनेछ । नेपाल सरकारसँगको सहकार्यमा संक्रामक तथा सरुवा रोग अस्पताल भवन निर्माण तथा अन्य स्वास्थ्य पूर्वाधार तयार गरी प्रदेश संक्रामक तथा सरुवा रोग अस्पताललाई सबै प्रकारका सरुवा रोगको उपचार गर्ने नमुना अस्पताल सेन्टरको रुपमा विकास गरिनेछ । अति दुर्गम र दुर्गम क्षेत्रमा जटिलतामा रहेका गर्भवति सुत्केरी र नवजात शिशुको रक्षाको लागि र एयरलिफ्टिङिको निरन्तरता दिइनेछ ।

जटिल अवस्थामा रहेका गर्भवतिको जीवन रक्षाको लागि प्रदेशका सबै अस्पताल मातृकक्ष स्थापना गर्दै लगिने छ । स्थानीय तहसँगको साझेदारीमा गर्भवति र सुत्केरीको घर-घरमा दक्ष स्वास्थ्यकर्मी सेवा विस्तार गरिनेछ। पूर्ण खोपयुक्त प्रदेशलाई दिगो राख्न सबै बालबालिकालाई खोप सेवा कार्यक्रम प्रभावकारी बनाइने छ। बालबालिका, किशोरी र महिलाहरुको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा संचालित वहुक्षेत्रीय पोषण सुधार कार्यक्रम सबै स्थानीय तहमा विस्तार गरिनेछ। प्रदेश सरकार अन्तर्गतका अस्पतालहरुको स्तरवृद्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ । ५० शैयाका सबै अस्पतालमा आँखा उपचार सेवा र जेष्ठ नागरिक उपचार वार्ड सबै अस्पतालहरुमा संचालन गर्दै लगिनेछ। डायलिस सेवालाई विस्तार गरी गुणस्तर बनाउदै लगिनेछ ।

स्वास्थ्य विमा सरकारको जिम्मा अन्तर्गत महिला स्वास्थ्य, स्वयंसेविका र निलो कार्ड प्राप्त प्रमाणता भएका व्यक्तिहरुलाई स्वास्थ्य वीमामा आवद्ध गराइनेछ । आयुर्वेद,

प्रकृतिक तथा अन्य वैकल्पिक चिसित्सा सेवालाई सामय सापेक्ष र प्रभावकारी बनाइनेछ । प्राकृतिक चिकित्सा सेवालाइ समय सापेक्ष र प्रभावकारी बनाइने छ। प्राकृतिक चिकित्सा पद्धतिको प्रवद्र्धन गर्न सो विषयको अध्ययन अध्यापनको व्यवस्था गरिनेछ । गण्डकी प्रदेश आयुर्वेद औषधालयको भवन निर्माण गरिनेछ ।

प्रदेश सरकार अन्तर्गत संचालित अस्पतालहरुमा विद्युतीय स्वास्थ्य अभिलेख प्रणाली, स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली ज्ःक् सुधार गरी स्वास्थ्य सेवाको गरी सुदृढीकरण गरिनेछ । गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटु, मृगौला र क्यान्सरको उपचार गर्ने व्यवस्था गरिनेछ । गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटु, मिर्गौला र क्यान्सर रोगको उपचार गर्ने व्यवस्था गरीनेछ। डायलोसिस सेवालाई नवलपुरको मध्यविन्दु अस्पताल र लमजुङ जिल्ला अस्पतालमा विस्तार, पोखरामा एक ट्रमा सेन्टरको निर्माण कार्य प्रारम्भ गरिनेछ। सामुदायिक अस्पतालहरुको संचालनमा सहयोग गरिनेछ। प्रदेशका मेडिकल कलेजहरुको सेवालाई जिल्ला अस्पतालहरुसँग आवद्ध गर्दै जिल्ला र पालिका तहसम्म विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरी स्थलगत स्वास्थ्य सेवा विस्तारमा जोडिनेछ । प्रदेशका सबै पालिकाहरुमा मनो सामाजिक परामर्शकर्ताको व्यवस्था गरिने छ ।

वलत्कार वा अन्य प्रकृतिका यौनहिंसामा परेका बालिका तथा किशोरीहरुलाई उनीहरुको क्षमता र चाहना अनुसारको व्यवसायिक शिक्षा तथा उच्च शिक्षा निःशुल्क उपलव्ध गराइनेछ । एम्वुलेन्स नभएका स्थानीय तहमा लागत साझेदारीमा एक एम्वुलेन्सको व्यवस्था गरिनेछ । प्रदेशभित्र संचालित एम्वुलेन्स सेवामा न्त्क् ट्र्याकिङ्ग मार्फत एकीकृत प्रणालीमा आवद्ध गरी संचालन गरिनेछ । लैगिंक हिंसामा परेका तथा विपद्मा परेका घाइते र विरामी व्यक्तिहरुलाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गरिने छ । जेष्ठ नागरिक र बालबालिकालाई घरदैलोमा नै स्वास्थ्य सेवा प्रवाह गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । एच.आइ.भी. पोजेटिभ, हेपाटाइटिस, कुष्ठरोग, क्षयरोग, हात्तीपाइले, हेमोफिलिया, दादुरा जस्ता रोगको उपचार गर्ने व्यवस्था गरिने छ ।

सभामुख महोदय, प्रदेश शिक्षा, नीति, कानुन तथा मापदण्ड निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । गण्डकी विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई

निरन्तरता दिइनेछ । चिकित्सा विज्ञान, सूचना प्रविधि तथा सम्बन्धित विषयको अध्ययन अध्यापन सुरु गरिनेछ । आदिकवि भानुभक्त बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ। गण्डकी विश्वविद्यालयमा ५०० शैयाको शिक्षण अस्पताल, ३५० शैयाको जनरल अस्पताल, ५० वेडको मुटु, ५० वेडको मृगोला र ५० वेडको अर्वुद रोग उपचार वार्ड स्थापनाको लागि विस्तृत योजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गरिनेछ । महिलाको स्तन क्यान्सर, पाठ्यघर क्यान्सर र आङ खस्ने पूर्ण ल्यावको उपचारमा तत्काल तथ्याङ्कको तथ्यांक गरी तिनीहरुको निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।

राजमार्गमा हुने अत्यधिक सडक दुर्घटना समेतलाई विचार गरी नवलपुर लगायतका स्थानमा ट्रमा सेन्टरको स्थापना गरिने छ । जि.पी. कोइराला श्वास प्रश्वास केन्द्रलाई प्रतिष्ठानको रुपमा विकास गर्न पहल गरिनेछ । गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको भौतिक पूर्वाधारको विकास प्रारम्भ गरिने छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका पाठ्यक्रम विकास तालिम प्रमाणीकरण तयारी गरी अटो मोवाइल, इञ्जिनियरिङ, कृषि पशु विज्ञान र टुरिजम एण्ड हस्पिटालिटी मेनेजमेन्ट अध्ययन अध्यापन विषयमा अध्यापन सुरु गरिनेछ ।

स्थानीय तहसँगको सहकार्यमा दुर्गम तथा हिमाली क्षेत्रमा संचालित नमुना आवासीय विद्यालय व्यवस्थापन तथा छात्रवृत्ति कार्यक्रम गर्ने कार्यलाई तिरन्तरता दिइनेछ । गुरुकुल, गुम्वा, मदरसा, आश्रम र वैकल्पिक विद्यालयका पूर्वाधार विकासमा सहजीकरण गर्दै यस्ता संस्थाबाट दिइने शिक्षालाई औपचारिक शिक्षा प्रणालीमा मूल प्रवाहिकरणख गर्ने नीतिलाई निरन्तरता दिइनेछ । विद्यालय तहका स्थानीय विषय र मातृभाषाको पाठ्यक्रम निर्माण, माध्यमिक शिक्षा परीक्षा संचालन तथा व्यवस्थापन प्रादेशिक शैक्षिक तथा व्यवस्थापन प्राविधिक शैक्षिक योजना निर्माण, शैक्षिक पूर्वाधार निर्माण तथा सो को कार्यान्वयन गर्नका लागि स्थानीय तहलाई सहजीकरण गरिनेछ। स्थानीय तहसँगको समन्वयमा प्राविधिक शिक्षा तथा विज्ञान शिक्षा अध्यापन गराउने सामुदायिक विद्यालयलको विस्तार तथा संस्थागत सुदृढीकरण गरिनेछ ।

नव प्रवलनात्मक तथा सृजनात्मक कार्य तथा सिर्जनात्मक क्षमता प्रवद्र्धन गर्ने प्रतिभालाई प्रोत्साहन गर्ने नीति लिइनेछ । साधारण विषय पढाउने सामुदायिक क्याम्पसलाई सम्भाव्यता हेरी प्राविधिक विषय पढाउने क्याम्पसमा रुपान्तरण गर्न प्रोत्साहन गरिने छ । सहिद स्मृति आवासिय माध्यमिक विद्यालयलाई व्यावसायिक विद्यालयको रुपमा संचालन गरिनेछ । प्रदेशमा शिक्षाको गुणस्तर सुधार गर्न प्रदेश प्रमुख शिक्षा सुधार कार्यक्रम संचालन गरिनेछ । माध्यमिक विद्यालयमा विज्ञान शिक्षाको विस्तारको लागि पूर्वाधार निर्माणमा सहयोग गर्नुका साथै विज्ञान र गणित विषयको गुणस्तर सुधार गरिने छ । गण्डकी प्रदेशको पुस्तकालय नीति तर्जुमा गरी गण्डकी प्रदेश पुस्तकालय स्थापना र संचालन गरिनेछ ।

विद्यार्थीको सिकाइमा अनलाईन माध्यमलाइ प्रयोग गर्न सहयोग पु¥याइनेछ । प्रत्येक निर्वाचन क्षेत्रमा आवासीय विद्यालय संचालन र व्यवस्थापनका लागि नीतिगत व्यवस्था गरिनेछ । कोभिड—१९ को कारण रोजगार गुमाएका, विदेशबाट फर्किएका, विदेश जान तयार तर जान नपाएका तथा वेरोजगार रहेका व्यक्तिहरुको पहिचान गरी उनीहरुको मागको आधारमा सीप विकास क्षमता वृद्धि तथा व्यवसाय संचालन सम्बन्धी कार्यक्रम संचालन गरी स्वरोजगार प्रवद्र्धन गरिनेछ । प्रदेशका विभिन्न क्षेत्रमा कार्यरत दक्ष र अर्ध दक्ष श्रमिक र मजदुरहरुको आर्थिक, सामाजिक अवस्था सहितको अभिलेख स्थानीय तहसँगको सहकार्यमा तयार गरी रोजगारका क्षेत्रहरुको पहिचान गरिनेछ । आदिवासी, जनजाति, दलित, आर्थिक एवं सामाजिक रुपमा पिछडिएका समुदायको उत्थानका लागि विशेष कार्यक्रममा संचालन गरिनेछ । परम्परागत एवं पेशालाई संरक्षण र आधुनिकीकरण गरिनेछ ।

श्रमबजारलाई व्यवस्थित बनाउनको लागि संघ तथा स्थानीय तहको समन्वयमा रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाइनेछ । श्रमिकहरुको हक, हित सुरक्षित गर्न परिश्रम ऐन बनाई कार्यान्वय गरिनेछ । नीजि क्षेत्रको सहकार्यमा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको सूचीकरण गर्ने कार्य प्रारम्भ गरिनेछ । सबै श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गर्न प्रोत्साहन गरिनेछ । समुदायमा आधारित परम्परागत पेशा तथा सीपको व्यावसायीकरणको लागि संचालित भगत सर्वजीत

श्री विकास कार्यक्रमलाई निरन्तरता दिइने छ । प्रदेशका ऐतिहासिक स्मारक र पूरातात्विक स्थलको अध्ययन, अनुसन्धान संरक्षण र विकास गर्ने तथा वहुसांस्कृतिक ग्रामको विकासको सम्भाव्यता अध्ययन गरिनेछ । प्रदेशभित्र रहेका ऐतिहासिक, कोट, दर्वार, गढीहरुको पहिचान गरी तिनको अभिलेखीकरण र पूरातात्विक संरक्षण गरिनेछ । महत्वपूर्ण पूरातात्विक, धार्मिक तथा सांस्कृतिक स्थल, ऐतिहासिक सम्पदाहरुको अभिलेख तयार गरी संरक्षण गरिने छ । महिला सशक्तिकरणमा जोड दिई हरेक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैंिगक मूल प्रवाहीकरण तथा सारभूत लैगिंक समानता कायम गर्न आवश्यक काननुन तर्जुमा गरिने छ ।

लैंगिक हिंसा विरुद्धको सून्य सहनशीलताको नीति अवलम्वन गरी स्थानीय तहसंगको सहकार्य गर्न लैंिगक हिंसा तथा वालविवाह तथा सामाजिक कुरीति विरुद्ध अभियानमूलक कार्यक्रम संचालन गरिनेछ । हिंसा प्रभावित एवम् मानव बेचविखन तथा ओसारपसारमा परेका व्यक्तिहरुको उद्धार, संरक्षण, परिवारिक पुनरमिलन तथा पनरुथापना गरिनेछ । स्थानीय तहसँगको समन्वय र सहकार्यमा बाल अधिकारको बालमैत्री शासनको प्रवद्र्धन गरिनेछ। जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरुको उद्धार र संरक्षणको व्यवस्था गरिनेछ । सडक बालबालिकाको उद्धार र संरक्षणको व्यवस्था गरिनेछ । सडक बालबालिकाको, पारिवारिक पुनरमिलन तथा पुनरस्थापनाको लागि आवश्यक व्यवस्था गरिनेछ । बालमैत्री, सामाजिक व्यवहारहरुको मापदण्डनीय निर्माण गरिनेछ । अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, प्रवद्र्धन तथा सशक्तिकरण कार्यक्रमहरुमा जोड दिँदै समुदायमा आधारित पुनरुथापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

संरक्षणमा राख्नुपर्ने बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुको लागि संरक्षणगृह, जेष्ठ नागरिक आश्रम तथा दिवा सेवा केन्द्रहरुको संस्थागत विकास तथा भौतिक पूर्वाधार प्रवद्र्धनका लागि आवश्यक सहयोग गरिनेछ । छुवाछूत मुक्त राष्ट्र नेपाल घोषणालाई व्यावहारिक रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय तहमा सर्वपक्षीय, सर्वदलीय वृहत सचेतनामूलक कार्यक्रम व्यवस्था गरिनेछ । सडक, मानवमुक्त प्रदेश निर्माणका लागि स्थानीय तह र मानव सेवा आश्रम लगायतका संस्थाहरुसँगको समन्वय र सहकार्यमा कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नागरिकहरुको अधिकार, प्रर्वद्धन र

प्रत्याभूत गराउन अन्तरपुस्तासीप हस्तान्तरण कार्यक्रम तथा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नागरिकहरुको निःशुल्क उपचारसहितको दिवासेवा केन्द्र संचालन गर्ने नीति लिइनेछ । जेष्ठ नागरिकहरुको स्याहार—सुसार सम्बन्धी सीप विकास गरिनेछ । विज्ञान तथा प्रविधिको क्षेत्रमा व्यावहारिक तथा उपयोगी अध्ययन, अनुसन्धान, प्रोत्साहनको लागि अनुसन्धान, वृत्तिको थालनी गरिनेछ । प्रदेशका युवालाई विज्ञान तथा प्रविधिसँग जोड्न वैज्ञानिक सम्मेलनको आयोजना गरिनेछ ।

प्रदेश खेलकुद परिषद्को भौतिक पूर्वाधार निर्माण गरिनेछ । राष्ट्रिय प्रदेश, जिल्ला र स्थानीय तह स्तरका मैत्रीपूर्ण खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ । प्रशिक्षक तथा खेलाडीको क्षमता अभिवृद्धिका लागि प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ । राष्ट्रिय विकास संघ सेवा कार्यक्रमलाई निरन्तरता दिदै सामाजिक परिवर्तनका लागि युवा परिचालन गरिनेछ । एक पालिका, एक खेल मैदान कार्यक्रमलाई तिरन्तरता दिइनेछ । खेलकुद विकासको लागि वित्तीय खेलग्राम गैंडाकोटमा स्थापना गरिनेछ । सामुदायिक पार्क तथा एकीकृत आधारभूत खेलमैदान निर्माण गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ । प्रदेश युवा परिचालन नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

सभामुख महोदय,जग्गा चक्लावन्दी कार्यक्रमलाई निरन्तरता दिई चक्लावन्दीका आधारमा व्यावसायिक कृषि फार्म संचालन गर्न प्रोत्साहन गरिनेछ । संघीय सरकारसँगको समन्वयमा स्याग्दी, तनहुँ लगायतका स्थानमा रहेका गुठी जग्गा सम्बन्धी समस्या समाधान गरिनेछ । कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रीकरण र व्यावसायिकीकरण मार्फत उत्पादन. र उत्पादकत्व वृद्धि गरी स्वरोजगारका अवसरहरु सिर्जना तथा खाद्य सुरक्षाको प्रत्याभूति गरिनेछ । कृषि स्रोत केन्द्रहरुको सुदृढीकरण गरी मुख्य—मुख्य तरकारी तथा फलफूल बालीको बेर्ना उत्पादन, खाद्यान्न बालीको स्रोत, बीउ उत्पादन र व्यावसायिक कीट उत्पादन कार्यलाई जोड दिइनेछ ।

मुख्य तथा रैथाने खाद्यान्न बालीहरुको वीज वृद्धिलाई उत्पादनलाई विशेष प्राथमिकता दिइनेछ । बालबालिका, महिला तथा जेष्ठ नागरिकको खाद्य तथा पोषण सुनिश्चितताको लागि करेशाबारी तथा घरबगैंचा कार्यक्रमलाई निरन्तरता दिइनेछ । रैथाने तथा स्थानीय

बाली लगायत मौलिक उत्पादनको प्रवद्र्धन तथा उपयोगमा जोड दिइनेछ । दलहन तथा तेलहन बालीको उत्पादनलाई प्रवद्र्धन गरिनेछ । विद्यालयहरुमा दिइने दिवाखाजा समेतमा स्थानीय उत्पादनको प्रयोग गरिनेछ । जलवायु परिवर्तन अनुकुलित प्रविधिको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न संचालित मुख्यमन्त्री जलवायुमैत्री, नमुना कृषि गाउँ परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । शितोष्ण फलफूलहरुको उत्पादन वृद्धि गर्न उच्च पहाडी तथा हिमाली क्षेत्रका क्लष्टरमा स्याउ ओखर खुर्पानीको बगैचा स्थापना तथा बजारीकरण गरिनेछ।

सबै स्थानीय तहमा माटो परीक्षण शिविर संचालन गरी माटोको गुणस्तर क्रमशः सुधार गरिदै लगिनेछ । नेपाल सरकारसँगको सहकार्यमा डिजिटल स्वायल म्यापिङलाई प्रदेशमा कार्यान्वयन गरिनेछ । माटोको उत्पादकत्व बढाउन, माटोमा प्रांगारिक पदार्थ र कार्वनको हिस्सा वृद्धि गरिनेछ । नेपाल .सरकार र स्थानीय तहसँगको समन्वयमा रासायनिक मलको आपूर्तिका लागि आवश्यक व्यवस्था मिलाइनेछ । दिगो कृषि प्रणालीको विकास गर्न, प्राङ्गारिक मलको उत्पादन र उपयोगलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइनेछ । स्थानीय तहसँगको सहकार्यमा बाँझो जग्गाको लगत तयार गर्ने र त्यस्ता जग्गालाई उपयोग गरी कृषिजन्य उत्पादन वृद्धि गर्न बाँझो जग्गामा व्यावसायिक खेती प्रवद्र्धन कार्यक्रम संचालन गरिनेछ । बाँझो जग्गामा कृषि वनको विकासका लागि प्रयोग गर्न प्रोत्साहन गरिनेछ । खेतीयोग्य जमिनमा सिँचाई सुविधा उपलव्ध गराउन नयाँ पूर्वाधारहरुको निर्माण तथा पुराना आयोजनाहरुको मर्मत, सम्भार र स्तरोन्नति गरिनेछ ।

कृषि सेवाका प्राविधिकहरुको क्षमता अभिवृद्धि गरी स्थानीय स्तरमा प्रभाव्कारी स्थानीय तहहरुमा प्रभावकारी सेवाहरुमा सहजीकरण गरिनेछ । किसानहरुलाई विश्वविद्यालय र अनुसन्धान केन्द्रका विज्ञहरुसँग आवद्ध गरिनेछ । कृषि व्यवसायको जोखिम न्यूनीकरणका लागि उपलव्ध गराउने थप विमा सहुलियतलाई पुनरावलोकन गरी बाली तथा पशुपंक्षी वीमाको व्यवस्था मिलाइनेछ । भूगोल र हावापानी अनुसारको प्रविधिको प्रयोग गर्न खुला कृषि बगैंचा तथा एग्रोटेक्नो पार्क संचालन गर्न प्रोत्साहन गरिनेछ । कृषि उत्पादनलाई पर्यटनसँग जोडी कृषि क्षेत्रको पर्यटनसँग अग्र र पृष्ठसम्बन्ध विकास

गरिनेछ । स्थानीय तहमा उत्पादित कृषि उपज तथा वस्तुहरुलाई बजारसम्म पुर्याउन तथा उत्पादित वस्तुलाई खेर जान नदिन कृषि एम्वुलेन्स सेवा संचालन गर्न स्थानीय तहसँग सहाकार्य गरिनेछ ।

व्यवसायीकरणको उच्च सम्भावना भएका स्थानीय तहको मुख्य कृषि उपज तथा वस्तु पहिचान गरी उत्पादन, बजारीकरण तथा व्यावसायिकरणको लागी आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहयोग गरिनेछ । सिक र गर ीभबचल बलम म्य कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । कृषि तथा पशुपंक्षीजन्य उपजको व्यवस्थित बजारीकरणका लागि शित भण्डार, चिस्यान केन्द्र, प्रशोधन केन्द्र, पशु वक्षस्थल, कृषि बजार स्थापना सहयोग कार्यक्रमलाई नीजि क्षेत्रसँगको सहकार्यमा निरन्तरता दिइनेछ। विभिन्न बाली तथा वस्तुको व्यावसायिक खेती गर्न प्रोत्साहन गर्दै मूल्य शृंखला प्रवद्र्धन गरिनेछ । ग्रामीण, साना कृषि, उद्यम विकास सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइनेछ । दुध तथा दुग्धजन्य पदार्थको प्रर्वद्धन गर्ने, प्रादेशिक दुग्ध नीति तर्जुमा गरिने छ ।

गाईपालनमा आधुनिक प्रविधिसमेत भित्रायाई प्रदेशलाई दुग्ध पदार्थमा आत्मनिर्भर बनाइनेछ । उच्च उत्पादन क्षमता भएका उन्नत नश्लका गाईभैंसीको संख्यात्मक तथा गुणात्मक वढोत्तरी गर्न पशु नश्ल सुधार सम्बन्धी कार्यक्रम तथा पाडी, बाच्छी हुर्काउन प्रोत्साहन गरिनेछ । रेविज रोगको संक्रमणमा सून्य गराउन विशेष कार्यक्रम संचालन गरिनेछ । स्थानीय तहका पशुपंक्षीको स्थानीय नश्लका पशुपंक्षीको आनुवांसित स्रोतको संरक्षण, प्रवद्र्धन र उपयोग सम्बन्धि कार्यलाई निरन्तरता दिइने.छ । मासुका लागि लिइने भैंसी र दुग्ध उत्पादनको लागि पार्कोटे भैंसीको संरक्षण र संवद्र्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्थानीय तहसँग सहकार्यमा प्रत्येक वडामा पशु तथा कृषि प्राविधिक स्वयंसेवक परिचालन गर्ने नीति लिइनेछ ।

माछा उत्पादनमा आत्मनिर्भर हुन मत्स्य स्रोत केन्द्र स्थापना तथा स्थानीय तह र नीति क्षेत्रको सहकार्यमा मत्स्य ज्बतअजभचथ स्थापना गरी कृषक स्तरमा माछाका भूरा उपलव्ध गराइनेछ । नेपाल सरकारसँग समन्वय गरी गरीव घरपरिवारको पहिचान गरिनेछ । गरीवि न्यूनीकरण गर्न सहकारी कृषि, लघु उद्या तथा पूर्वाधार विकास क्षेत्रको

भूमिलाई प्रभावकारी बनाइनेछ । प्रदेश सरकारको लगानी र कार्यक्रमहरुको प्रतिफल समुदायसम्म विस्तार गरी गरीवि न्यूनीकरणमा जोड दिइनेछ। यसका लागि निजी सहकारी एवं गैह्र सहकारी, क्षेत्रीय सहकार्य गरिनेछ ।

सभामुख महोदय, संघ र स्थानीय तहसँगको समन्वय र सहकार्यमा खानी तथा खनिज उद्योगको अन्वेषण, उत्खनन र विकासद्वारा प्रवेश अर्थतन्त्रमा खनिज क्षेत्रको योगदानमा वृद्धि गरिनेछ । उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरीवि निवारणमा टेवा पुर्याउने स्थानीय कच्चा पदार्थमा आधारित लघु घरेलु तथा साना उद्योगमा श्रममूलक तथा उपयुक्त प्रविधि र स्वदेशी श्रमलाई प्रोत्साहन गरिनेछ । स्वदेशी र स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उपयोगलाई प्राथमिकता दिइनेछ । प्रदेशभित्र प्रचुर मात्रामा रहेको निगाँलो, बास र वेतमा आधारित उद्योग तथा कृषि र वनजन्य कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न र अल्लो तथा लोक्ताबाट निर्मित सामग्री तथा ऊनबाट तयार पस्मिना, गलैंचा जस्ता निकासीजन्य वस्तु उत्पादन गर्न सहकारी तथा नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

एक द्वार प्रणालीको विकास गरी लघु घरेलु तथा साना उद्योग एवं व्यवसायहरुको दर्ता नविकरण लगायतका प्रशासनिक कार्यहरु अनलाईन प्रविधिबाट सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई न्यून क्षमता र गुणस्तरमा चलेका व्यवसायलाई क्षमता वृद्धि गर्न सहयोग गरिनेछ । उत्पादक र उपभोक्ता बिचकोे सिधा सम्बन्धलाई बढाउने नीति लिइनेछ । उपभोक्ता हित संरक्षण सम्बन्धी कानुन व्यवस्था गरिनेछ ।

स्वरोजगारका लागि तालिम प्राप्त उद्यमीहरुलाई अनुदान सहुलियत दरको ऋण सहयोगमा आवश्यकिय यन्त्र उपकरण उपलव्ध गराइनेछ । प्रदेशमा खाद्यान्नको अभाव हुन नदिन नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनीसँगको सहकार्यमा खाद्यान्नको न्यूनतम मौज्दात राख्ने व्यवस्था गरिनेछ । प्रदेशमा लगानी मैत्री वातावरणको निर्माण गर्न नीजि क्षेत्रसँग सहकार्य गरिनेछ । स्थानीय तह र स्थानीय प्रशासनसँगको समन्वयमा कालोबजार एकाधिकार सिण्डिकेट तथा कार्टेलिङ अन्त्य गरिनेछ । गण्डकी प्रदेशलाई नेपालको

मुख्य पर्यटन केन्द्र विन्दु र पोखरालाई नेपालको पर्यटकीय राजधानीको रुपमा विकास गर्ने कार्यलाई निरन्तर दिइनेछ । प्रदेश पर्यटन गुरु योजनाको पुनरावलोकन गरिनेछ । पर्यटन क्षेत्रको प्रवद्र्धन र व्यवसायलाई व्यवस्थित गरी प्रोत्साहन गर्न नीतिगत र कानुनी व्यवस्था गरिनेछ । स्थानीय स्रोतसाधनको उपयोग गरी उद्यमशीलताको विकास गर्न सामुदायिक होमस्टेमा पूर्वाधार निर्माण र क्षमता अभिवृद्धि कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

सामुदायिक होमस्टेलाई प्रदेशले तय गरेको वर्गिकरणको आधारमा वर्गिकरण गरी सुदृढीकरण गरिनेछ । विश्वविद्यालय, अन्नपूर्ण, धौलागिरी र मनास्लु चक्रिय पदमार्ग तथा अन्य पर्यटकीय गन्तव्यहरुमा पदमार्ग निर्माण स्तरोन्नतरीय सौन्दरयीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । प्रदेश भित्रका मुख्य उपत्यका भ्यालीहरुको एकीकृत विकासको लागि वृहत्तर परियोजना संचालन गर्न संघ र स्थानीय तहसँग सहकार्य गरिनेछ । नारायणी नदीमा बिचपार्क निर्माण गर्न अध्ययन गरिनेछ । प्रदेशको पहिचान तथा मौलिक संस्कृतिको संरक्षण एवं प्रवद्र्धन गर्दै प्रदेशभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुमा पर्यटन पूर्वाधार विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ । पोखरा, काठमाडौं, लुम्विनीलाई गौतमवुद्ध स्वर्णिम त्रिकोणको रुपमा विकास गर्न नेपाल सरकार र अन्तरप्रदेश सरकारको सहकार्यलाई निरन्तरता दिइनेछ । त्रिवेणी देवघाट, केलादी घाट, रामदी घाट, रुद्रवेणी, कालीग्राम, शालीग्राम, वाग्लुङ कालिका, पञ्चकोट, वराह, गलेश्वर, मुक्तिनाथ, दामोदर कुण्ड, विन्ध्यवासिनी पोखरा, कर्पुटार, व्यास दमौली, छिम्केश्वरी, गोरखकाली, मनकामना जोड्ने धार्मिक परिपथ विकास गरिनेछ ।

पर्यटकीय गन्तव्य पदमार्ग, होमस्टेलाई डिजिटलाईज गरी अनलाईन पर्यटकीय सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ । प्रदेशका मुख्य पर्यटकीय गन्तव्यहरुमा पर्यटकीय होटलहरुको विस्तार तथा संचालन गर्न नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ । नेपाल सरकार स्थानीय तह, स्थानीय प्रशासन र पर्यटन व्यवसायीसँग समन्वय गरी विपद्मा परेका पर्यटकको आकस्मिक उद्दार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । प्रदेशभित्र जल पर्यटन, कृषि पर्यटन, खेल पर्यटन, शैक्षिक पर्यटन, स्वास्थ्य पर्यटन जस्ता पर्यटकीय गतिविधिको विस्तार, विविधीकरणर र प्रवद्र्धन गरिनेछ । माइस पर्यटनमा जोड दिइनेछ,

प्रदेश राजधानी पोखरालाई देशका प्रमुख शहरहरुसँग हवाई सेवाले जोड्ने नीति अन्तर्गत भैरहवा, विराटनगर, भरतपुर र नेपालगञ्जमा सिधा हवाई सेवा संचालनलाई निरन्तरता दिइनेछ । साथै भद्रपुर, सिमरा, जनकपुर, जुम्ला र धनगढीमा सिधा हवाई सेवा सञ्चालन गर्न नीजि क्षेत्रलाई हवाई सेवा गर्न सहजीकरण गरिनेछ ।

विश्व शान्ति जैविक विविधता उद्यान, विश्व शान्ति स्तूप, पुम्दीभूम्दी वाकुकोट भञ्याक हुँदै पर्यटकीय पदमार्ग निर्माण गर्ने कार्य अगाडि बढाइने छ । मनास्लु र अन्नपूर्ण संरक्षण क्षेत्र तथा ढोरपाटन शिकार आरक्षणमा प्रकृतिमा आधारित पर्यटन व्यवसायलाई प्रवद्र्धन गरिनेछ, धवलागिरी संरक्षण क्षेत्रको अध्ययन गरिनेछ । गुणस्तरीय प्रर्यटनमा जोड दिई आन्तरिक  पर्यटन प्रवद्र्धन गरिनेछ । बिदा पर्यटन कार्यक्रमलाई निरन्तरता दिइनेछ । साहसिक पर्यटन संचालन गर्नका लागि पर्यटन व्यवसायी र निजी क्षेत्रसँगको सहकार्यमा साहसिक पर्यटकीय तालिम केन्द्रहरुको स्थापना गर्न सहयोग गरिनेछ । स्याङगजाको स्वरेकमा रहेको प्याराग्लाइडिङ तालिम केन्द्रलाई सुदृढीकरण गर्न सहयोग गरिनेछ ।

सभामुख महोदय, सामुदायिक वनको व्यवस्थापन सुदृढीकरण गरिनेछ । सामुदायिक वन क्षेत्रमा व्यवसायिक उत्पादनको संभावना रहेका वन्यजन, फलफूलको वृक्षारोपण गरिनेछ । काठ तथा गैर काठ वन पैदावरजन्य उद्योगको स्थापना गर्न नीजि क्षेत्रसँग सहकार्य गरिनेछ । नवलपुर, तनहुँ, कास्कीमा एक-एक वटा वन पैदावार आधारित मझौला उद्योग स्थापना गर्न सहयोग गरिनेछ । राष्ट्रिय वन, नीजि वन तथा खाली जग्गामा निजी क्षेत्रको सहकार्यमा औषधीयजन्य जडिबुटी खेती विस्तार र पर्यटन विकासका लागि खुल्ला प्रतिस्पर्धाको आधारमा व्यवसायिक कवुलियती वन उपलव्ध गराउने नीति लिइनेछ । औषधीजन्य जडिबुटीको मूल्य शृंखलाको लागि जडिबुटी प्रशोधन केन्द्रको स्थापना गर्न सहयोग गरिनेछ ।

गण्डकी प्रदेशको भौगोलिक अवस्था, हावापानी परिस्थितिकीय प्रणाली र बजार व्यवस्था समेतलाई ध्यानमा राखी हिमाली क्षेत्रमा ओखर, सतुवा, टिम्मुर, अकरकारा, पहाडी क्षेत्रमा सतुवा, ओखर, टिम्मुर, मरिच, पिप्ला, लप्सी, तेजपात, शितलचिनी तथा चुरे र तराई क्षेत्रमा

टिम्मुर, तेजपात, हर्रोबर्रो, अमला, त्रिफला, लेमन ग्रास र क्यामोमाइल खेतीमा विस्तार गरिनेछ । उच्च प्रविधियुक्त वन नर्सरीबाट गरिने वहुवर्षिय विरुवा, उत्पादनलाई निरन्तरता दिइनेछ । मुस्ताङ, मनाङ र उत्तरी गोरखामा वन क्षेत्र बढाउन भूगोल र जलवायु सुहाउँदो वृक्षारोपणलाई निरन्तार दिइनेछ । गण्डकी प्रदेशको तल्लो तटीय क्षेत्र देखि हिमाली क्षेत्रसम्म फैलिएका जैविक विविधता प्रजाति परिस्थितकीय प्रणाली र अनुवांशीयको अभिलेखीकरणका लागि वायोडायभर्सिटी प्रोफाइल तयार गरिने छ।

जलवायु परिवर्तनका जोखिमलाई न्यूनीकरण गर्न तथा जलवायु अनुकूलन कार्यक्रम कार्यान्वयन गरी हरित अर्थतन्त्र निर्माण गर्न सहयोग गरिनेछ । गण्डकी प्रदेश बाढीपहिरो र डुवानलाई व्यवस्थापन गर्नका लागि हाल तनहुँ र पर्वतमा भएका भू—तथा जलाधार व्यवस्थापन कार्यालयलाई आवश्यकता अनुसार विस्तार गरिनेछ । पोखरा प्राणी उद्यानलाई प्रवेश स्तरीय वन्यजन्तु उद्धार केन्द्रलाई समस्याग्रस्त वन्यजन्तुको अनुसन्धान चालाको रुपमा विकास गरिनेछ । भानुभक्त प्राणी उद्यान र पोखरा प्राणी उद्यान बिच अन्तरसञ्जाल निर्माण गरी मानव वन्यजन्तु द्वन्द्वमा सहजीकरण गरिनेछ । पानीको अभावमा मानव वन्यजन्तु द्वन्द्व बढ्दै गइरहेको अवस्थामा सामुदायिक वन उपभोक्ता समुहको सहकार्यमा कम्तिमा एक सामुदायिक वन, एक पोखरी निर्माण अभियान मार्फत मानव वन्यजन्तु व्यवस्थापन गरिनेछ ।

नेपाल सरकारसँग समन्वय गरी मुस्ताङ जिल्लामा कस्तुरी, मृग संरक्षण तथा प्रजनन केन्द्र स्थापना गरिनेछ । स्वच्छ वातावरण कायम गर्न नागरिक समाजलाई परिचालन गरिने छ । स्थानीय तहसँगको समन्वयमा बढी सवारी चाप हुने शहरी क्षेत्रमा नियमित प्रदूषणमापन तथा प्रदूषण नियन्त्रणका लागि कार्यहरु संचालन गरिनेछ । वन, वनस्पति, जैविकविविधता वन्यजन्तुसँग सम्बन्धित रणनीति तथा कार्यगत अध्ययन, अनुसन्धान गरी स्थानीय संरक्षणमा जोड दिइनेछ । आयातित प्रजातिको नियन्त्रणको कार्यलाई निरन्तरता दिइनेछ । वन क्षेत्रसँग सम्बन्धित र कर्मचारी तथा सरोकारवालाहरुको मानव संशाधन विकास र क्षमता अभिवृद्धि गरिनेछ ।

वातावरणीय प्रभाव मूल्यांकन गरी ढुंगा, बालुवा, गिटीको लगायतका प्राकृतिक स्रोतको उपयोग,उत्खनन र व्यवस्थापनलाई वातावरण मैत्री बनाउन सम्बन्धित सरोकारवालाहरुसँग आवश्य समन्वय र सहजीकरण गरिनेछ । नेपाल सरकार र पोखरा महानगरपालिकासँगको सहकार्यमा रामसारमा सूचीकृत फेवा ताल लगायतका तालहरुको गुरुयोजना निर्माण गरी योजनावद्ध रुपमा संरक्षण र सौन्दर्ययीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । शुद्ध पिउने पानी, जलिय स्वच्छता र वातावरण सेवा प्रवाहको सुनिश्चितता गर्न एकीकृत जलाधार व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। प्रदेशमा रहेका जैविक विविधता र उच्च हिमालमा रहेका पवित्र परिस्थितिकीय भूदृश्यमा वातावरणीय अध्ययन विना गरिने भौतिक विकास निर्माणको कार्यलाई निरुत्साहित गरिनेछ । राष्ट्रपति चुरे, तराई, मधेश संरक्षण विकास समितिसँगको समन्वय र सहकार्यमा नवलपुरको चुरे, भावर लगायत अन्य भौगोलिक दृष्टिकोणले संवेदनशील क्षेत्रहरुमा प्राकृतिक स्रोतको एकीकृत र दीगो विकास व्यवस्थापन गरिनेछ ।

सभामुख महोदय, राट्रिय र प्रादेशिक लोकमार्गमा सबै स्थानीय तहको केन्द्र जोड्ने सडकलाई आगामी दुई वर्षभित्र स्तरोन्नति गरी कालोपत्रे गरिनेछ । प्रादेशिक लोकमार्ग स्थानीय तहको केन्द्र जोड्ने अन्य र सडकमा पर्ने नदी र खोलामा सडक, पुल तथा पुलेसा निर्माण कार्यलाई निरन्तरता दिइनेछ । ठूला नदीमा नविन प्रविधिको प्रयोग गर्दै सडकपुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । प्रदेशभित्रका महत्वपूर्ण सडक र सडकपुल नियमित मर्मत गरी बाह्रै महिना यातायात संचालनयोग्य बनाउनको लागि नियमित मर्मत सम्भार कार्यलाई व्यवस्थित गरिनेछ । प्रदेशको प्राथमिकतामा रहेका भिमाद, डेढगाउँ, अरुणखोला सडक, शालीकराम करिडोर, रुइला भन्ज्याङ, साम्लोहोपोकबिही सिर्दीवास सडक डुम्रे, बेसीशहर सडकको आयोजनालाई नेपाल सरकारको सहयोगमा निरन्तरता दिइनेछ ।

उत्तर-दक्षिण द्रुतमार्ग, कोरला, पोखरा, दुम्कीवास हुँदै त्रिवेणीको निर्माण कार्यलाई निरन्तरता दिइने छ । दमौलीबाट बुद्धसिंह मार्ग हुँदै त्रिवेणी जोड्ने सडक निर्माणको कार्य अगाडि बढाइने छ । सांस्कृतिक तथा व्यापारिक व्यापारीक महत्वको त्रिवेणी क्षेत्र विकासको लागी गुरु योजना तर्जुमा गरिनेछ । त्रिवेणी धाम, दुम्कीवास सडक निर्माण

कार्य प्रारम्भ गरिनेछ । सिद्धार्थ राजमार्गको स्तर वृद्धि गर्न नेपाल सरकार र लुम्विनी प्रदेश सरकारसँग सहकार्य गरिनेछ । पृथ्वी राजमार्गको पोखरा, मुग्लिङ, खण्डको स्तर बृद्धि गर्ने मध्य महाडी लोकमार्गको निर्माण हुन बाँकी खण्ड सम्पन्न गर्ने कालीगण्डकी करिडोरको स्तर वृद्धि गर्ने कार्यमा सहजीकरण गरिनेछ । प्रदेश राजधानी नजिकका शहरहरुलाई स्याटेलाईट सिटीको रुपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । नेपाल सरकार, पोखरा महानगरपालिका तथा नीजि क्षेत्रसँगको समन्वय र सहकार्यमा पोखरामा अत्याधुनिक अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गर्न थालनी गरिनेछ ।

नेपाल सरकारसंगको समन्वयमा प्रदेश सभा भवन, प्रदेश कर्मचारी आवास र नवलपुरको कावासोतीमा एकीकृत प्रशासनिक केन्द्र निर्माण कार्य अगाडि बढाइनेछ । सामूहिक र एकीकृत वस्तु तथा आवास विकासका लागि नीति क्षेत्रलाई आकर्षित गरिनेछ । दलित विपन्न लोपोन्मख अति सिमान्तकृत जाति तथा समुदायका लागि सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ । यातायात व्यवस्था कार्यालयहरु, सूचना प्रविधि मैत्री बनाई सेवा प्रभाहलाई थप प्रभावकारी बनाइने छ । सवारीचालक अनुमतिपत्र, लाइसेन्स वितरण गर्ने कार्यलाई व्यवस्थित गरिनेछ । जनसंख्याको चाप कम भएको स्थानमा समेत सहज पहुंच हुने गरी यातायात संचालन गर्न प्रोत्साहन गरिनेछ ।

सभामुख महोदय, गण्डकी प्रदेश उज्यालो प्रदेशको संकल्पलाई पूरा गर्न सबै घरपरिवारमा विद्युत सेवा पु¥याउने कार्य सम्पन्न गरिनेछ । लघु जलविद्युत आयोजनाको मर्मत सम्भार गरी राष्ट्रिय विद्युत प्रशारण वितरणमा आवद्ध गरिने छ। विद्युत वितरण लाईन र एकाजीर्ण काठका पोललाई नेपाल सरकार स्थानीय तहको साझेदारीमा स्टील पोलबाट प्रतिस्थापित गर्ने कार्यलाई निरन्तरता दिइनेछ । निजी नविकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन गर्दै लगिनेछ । स्वच्छ तथा हरित ऊर्जा खपत वृद्धि खरिद गर्न विद्युतीय चुल्हो, विद्युतीय सवारी साधन र लिफ्ट खानेपानी तथा सिँचाई आयोजना प्रवद्र्धन गरिनेछ । खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाई सेवा पुर्याउन सिंचाइ आयोजना विकास गरिनेछ। भूमिगत सिँचाई र नयाँ प्रणालीमा आधारित सिंचाइ प्रणालीको कार्यान्वयनमा जोड दिइनेछ ।

खानेपानी तथा सरसफाइका कार्यक्रमहरु योजनावद्ध रुपमा संचालन गर्नका लागी प्रादेशिक खानेपानी तथा सरसफाई गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । प्रदेशका सबै घरपरिवारमा गुणस्तरीय आधारभूत खानेपानी सेवाको पहुँच पु¥याइनेछ। उपलव्ध आधारभूत खानेपानी सेवाको गुणस्तर सुधार गरी मध्यम तथा उच्च स्तरको खानेपानी सेवा पुर्याउन आयोजना स्तरोन्नतिका कार्यक्रमलाई निरन्तरता दिइनेछ। विपद्जन्य घटनाबाट क्षतिग्रस्त खानपानी आयोजनाका भौतिक पूर्वाधारहरुको मर्मत सम्भार गरी सूचारु गर्ने व्यवस्था मिलाइनेछ ।

सभामुख महोदय, सूचना प्रविधि पार्कको विस्तृत कार्ययोजना प्रतिवेदन तयार पारी भौतिक निर्माण कार्यका कार्य प्रारम्भ गरिनेछ । आम सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन मार्फत व्यवसायिक बनाउन प्रोत्साहन गरिनेछ। सञ्चारकर्मीको क्षमता विकास गरिने छ । आम सञ्चार नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । विद्युतीय शासन प्रणालीको गुरु योजना कार्यान्वयन गरिनेछ । सार्वजनिक सेवा प्रवाहमा नागरिकको सरल र सहज पहुँच वृद्धि गर्न आधुनिक सूचना प्रविधिको प्रयोग वृद्धि गरिनेछ । सार्वजनिक प्रशासन पारदर्शी जवाफदेही, नागरिकमैत्री तथा भ्रष्टाचार मुक्त बनाइनेछ । प्रदेश सरकार गठन भएपश्चात सृजना भएका तथा साविक संरचनाबाट हस्तान्तरण भएका सम्पूर्ण तथ्यांक तथा अभिलेखहरुलाई विद्युतीय माध्यममा अभिलेखीकरण र व्यवस्थापन गरिनेछ ।

प्रदेश र स्थानीय तहका प्राविधिक क्षमताको विकास गरिनेछ । प्रदेश र स्थानीय तहका कर्मचारीहरुको सेवा, सर्त र सुविधाको सुनिश्चित गरी वृत्ति विकास गर्न प्रदेश निजामति सेवा सम्बन्धी कानुनको तर्जुमा गरिनेछ । राष्ट्र सेवकहरुमा काम प्रति तत्पर हुने सेवाभाव सहित समय मै काम सम्पन्न गर्ने उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्य संस्कृतिको विकास गरिनेछ । राष्ट्र सेवकहरुमा ज्ञान, सीप र पेशागत मर्यादाको विकास गरी सरकारी सेवा उत्कृष्ट ढंगले प्रवाह गरिनेछ । प्रदेशमा कार्यरत कर्मचारीहरुको समयानुकुल क्षमता तथा दक्षता अभिवृद्धि गर्न तालिम अन्तरप्रदेश भ्रमण र विदा पर्यटनलाई प्रोत्साहन गरिनेछ । प्रदेशमा कार्यरत कर्मचारीहरुको सरुवा, पुरष्कार, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्य सम्पादनसँग आवद्ध गरिनेछ ।

भ्रष्टाचारलाई न्यूनीकरण गर्न भ«ष्टाचार विरुद्ध सून्य सहनशीलता नीति अवलम्वन गरिनेछ ।

मन्त्रालयहरुको कार्य प्रगति, मूल्यांकन, एकीकृत विद्युतीय अनुगमन प्रणाली मार्फत गरिनेछ । मुख्य मन्त्री तथा पन्त्रीपरिषद्को कार्यालयमा रहेको हेलो मुख्यमन्त्री कार्यक्रम जनतासँग प्रदेश सरकार विशेष कक्ष संचालन कार्यलाई सुदृढीकरण गरिनेछ। प्रदेशमा दिगो विकास लक्ष्य कार्यान्वयन गर्न सबै मन्त्रालय तथा निकायलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सहजीकरण गर्ने व्यवस्था गरिनेछ । प्रदेशले निर्धारण गरेका दिगो विकास लक्ष्यको प्रगति तथा अनुमगन तथा मूल्यांकन गर्ने व्यवस्था गरिनेछ । मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा प्रदेश नीति तथा योजना आयोगको संयुक्त अनुगमन टोली मार्फत प्रदेश गौरव आयोजनाहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ । नीतिगत तथा कार्यगत सामञ्जस्यताको र अन्तरसम्बन्ध कायम राख्न संघ, प्रदेश, स्थानीय तह र अन्तरप्रदेश समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाइनेछ । प्रदेश सरकार अन्तरगतका कार्यालयहरु बिच सारात्मक प्रतिस्पर्धात्मक सृजना गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन नतिजासूचकका आधारमा नमुना कार्यालय छनोट गरी पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

सभामुख महोदय, राजश्व परिचालनलाई प्रभावकारी बनाउन र अभिलेख अद्यावधिक गर्न विद्युतीय प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ । प्रदेशको अधिकार क्षेत्रभित्रको राजश्वको स्रोत परिचालनको सम्भाव्यताको अध्ययन गरी आन्तरिक स्रोत वृद्धि गरिनेछ । करको दायरा वृद्धि एवं कर प्रशासनलाई चुस्त र दुरुस्त बनाउन तथा मनोरञ्जन र विज्ञापन कर प्रशासनलाई व्यवस्थित गरिनेछ । बैंक तथा वित्तिय निजि क्षेत्र लगायत अन्य सरोकारवालाहरुसँगको सहकार्यमा वित्तीय साक्षरता अभियान संचालन गरिनेछ । डिजिटल गण्डकी प्रदेश निर्माणमा योगदान गर्न वित्तीय पहुँच विस्तार र विद्युधीय भुक्तानी प्रणाली प्रोत्साहन गरिनेछ । बजेट तर्जुमा गर्दा लैंगिक उत्तरदायी, जलवायु मैत्री र दीगो विकास मैत्री बजेट प्रणाली अवलम्वन गरिनेछ ।

संघ, प्रदेश र स्थानीय तहबिच साझेदारीमा कार्यान्वयन गर्ने आयोजनालाई प्राथमिकता दिइनेछ । सम्भाव्यता अध्ययन, विस्तृत अध्ययन तथा वातावरणीय अध्ययन सम्पन्न भई जग्गा प्राप्ति भएका र कार्यान्वयनको पूर्व तयारी सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको लागि बजेट विनियोजन गरिनेछ । पूँजीगत खर्चमा लक्ष्य अनुसार प्रगति हासिल गर्नका लागि समयमै निर्धारित लक्ष्य र बजेट अनुसार कार्य सम्पन्न गर्ने निर्माण व्यवसायी र कर्मचारीलाई प्रोत्साहन गरिनेछ । सार्वजनिक खर्चलाई मितव्ययी एवं नजितामुखी बनाउन मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ । प्रदेश विपद् व्यवस्थापन कोषमा रकम वृद्धि गरिनेछ । प्रदेश आपत्कालीन कार्य संचालन केन्द्रको सृदृढीकरण गरिनेछ ।

विपद्को समयमा खोज, उद्धार तथा राहत वितरण कार्यलाई प्रभावकारी बनाइनेछ । मनसुनजन्य विपद् प्रभावित नीजि आवास पुर्ननिर्माण तथा पुर्नस्थापना गर्ने कार्यको लागि नेपाल सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । बाढी पहिरो र हिमशृंखलाबाट क्षतिग्रस्त भएका नीति घरहरुको पुनर्निमाणको नेपाल सरकार र स्थानीय तहको सहकार्य र समन्वयमा निर्माण गरिनेछ । प्रदेश प्रहरी गठन गरी संगठन संरचना तयार गरिनेछ । शान्ति, सुरक्षा र अमन चयन कायम गर्न जनसंख्या, भूगोल र सुरक्षा चुनौतिको आधारमा प्रहरी परिचालनको व्यवस्था मिलाइने छ । प्रदेश अनुसन्धान व्यूरोको गठन तथा परिचालन सम्बन्धी कानुन तर्जुमा गरी प्रदेश अनुसन्धान व्यूरो स्थापना गरिनेछ । प्रहरी कर्मचारीहरुको मनोवल अभिवृद्धि गर्नका लागि साधन, स्रोत उपलव्ध गराउने कार्यलाई प्राथमिकता दिइनेछ । लोकतान्त्रिक आन्दोलन तथा जनयुद्धका द्वन्द्व पीडित व्यक्ति तथा परिवारका लागि राहत कार्यक्रम अन्तर्गत द्वन्द्व पीडितहरुको जीवन वृद्धिकोपार्जनमा सुधार गर्ने शिपमूलक तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ । देशभित्रका द्वन्द्व पीडितहरुको तथ्यांकलाई अध्यावधिक गरी परिचय—पत्र उपलव्ध गराइनेछ ।

सहिदहरुको स्मृतिमा निर्माण भएका संरचनाहरुको स्तरोन्नति र मर्मत सम्भार गरिनेछ। क्षेत्रगत प्राथमिकतामा परेका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेन तथा आयोजना प्रस्ताव तयार गरी संघीय सरकारका विषयगत मन्त्रालय, राष्ट्रियोजना आयोग र विकास

साझेदाहरुसँगको सम्बन्वयमा स्रोतको व्यवस्थापन गरिनेछ । यसका लागि स्रोत व्यवस्थापन गर्न स्रोत व्यवस्थापन समिति गठन गरी विकास आयोजनाको लागि स्रोतको व्यवस्थापन गरिने छ । आयोजना पहिचान, प्राथमिकीकरण, छनोट र कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रादेशिक आयोजना बैंक स्थापना गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

माननीय सभामुख महोदय, आर्थिक वर्ष ०७८-७९ का नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्रदेश विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमको आधारमा सरकारले ल्याउने बजेटको कार्यान्वयनबाट यस प्रदेशको संवृद्धिमा टेवा पुग्ने अपेक्षासहित सबै जन प्रतिनिधि, राजनैतिक दल, विकास साझेदार, नीति क्षेत्र, आधार क्षेत्र, सञ्चार क्षेत्र, राष्ट्र सेवक कर्मचारी, नागरिक समाज, गैह्र सरकारी क्षेत्र र सम्पूर्ण प्रदेशवासीहरुको साथ र सहयोगको लागि आग्रह गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो वैठक ३० मिनेटको लागि स्थगित हुन्छ ।